परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक

❑ वर्ष १३ ❑ अंक १५ २०८१ मंसिर ९ आईतवार Sunday 24, NOV 2024 ❑ पृष्ठः ६, ❑ मूल्य रु. १०/-

**नेपाल खानेपानी संस्थान**
शाखा कार्यालय, विराटनगर

**सूचना**

गर्मी, सुख्खा याम बढे सँगै जमिन मुनीका पानीका सतह घटिरहेकोले गर्दा पानी उत्पादन कम हुन गई वितरण प्रणालीमा समस्या भएको जानकारी गराउदै वितरण गरिएको पानी सहि सदुपयोग गरि दिनु हुन अनुरोध छ, साथै कहि कतै पाईप लिकेज भई पानी खेर गईरहेको देख्नु भएमा कार्यालयलाई जानकारी गराई दिनु होला ।

**पानी उमालेर र फिल्टर गरेर मात्र प्रयोग गर्ने बानी बसालौं ।**

## एनपीएलको लागि विराटनगर किंग्सद्धारा जर्सी र गीत सार्वजनिक

विराटनगर । नेपाली क्रिकेटले विश्वव्यापी रुपमा उत्कृष्ट र राम्रो छवि बनाएको कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कार्कीले बताएका छन् ।

विराटनगरमा विराटनगर किंग्सद्धारा जर्सी र गीत सार्वजनिक कार्यक्रममा बोल्नुहुदै मुख्यमन्त्री कार्कीले क्रिकेटबाट नेपालको विश्वमा पहिचान बनाउन सफल भएकोमा खुशी व्यक्त गरेका थिए । उहाँले खेलाडीसहित प्रशिक्षक र व्यवस्थापक सबै पक्ष नेपाल को सफलताको लागी बधाइको हिस्सेदार रहेको बताउनुभयो ।

उहाँले विराटनगर किंग्स नेपालको सम्राट भएर विश्वमै परिचय दिनेमा विश्वास व्यक्त गर्नुभयो । खेलकुदको विकासमा आफ्नो क्षमताभित्र रहेर सँधै साथ दिने समेत उहाँले प्रतिबद्धता जाहेर गरेका थिए ।

मुख्यमन्त्री कार्कीले भन्नुभया -'के कस्तो सहयोग गर्नु पर्छ



कोशी प्रदेशका मुख्यमन्त्री जर्सी सार्वजनिक गर्दै । फोटो : श्याम सुन्दर सुतिहार

आफ्नो क्षमता भित्र रहेर गर्ने प्रतिबद्धता व्यक्त गर्न पाउँदा मलाई हर्षको अनुभुति भएको छ ।' नेपालको खेलकुदमा क्रिकेट प्रति चासो बढेको भएपनि सरकारले क्रिकेटको विकासमा यथोचित सहयोग गर्न नसकिरहेको बताउदै उहाँले भन्नुभयो -' क्रिकेटका सबै संरचनाहरु बनाउन म सम्माननीय प्रधानमन्त्रीलाई आग्रह गर्न चहान्छु ।'उहाँले कीर्तिपुरको रंगाशाला समयमै पूर्णता पाउने र देशभर नै खेलकुदका संरचना बन्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले क्रिकेटका संरचनाहरु बनाउन कोशी प्रदेश सरकार र पूर्वाञ्चल विश्वविद्यालयसँगको सहकार्यमा काम गर्ने प्रतिवद्धता जनाएका थिए ।

कोशीको सान हाम्रो पहिचान भन्ने नारासहित नेपाल प्रिमियर लीगमा कोशी प्रदेशको प्रतिनिधित्व विराटनगर किंग्सले गर्ने छ । त्यसमा उत्साह थप्न आज जर्सि

वांकी अन्तिम पेजमा...

## हुलाकी राजमार्ग अलपत्र सर्वदलीय आन्दोलको तयारी

विराटनगर, कटहरी गाउँपालिकाका अध्यक्ष देवराज चौधरीले सडक निर्माणको ढिलासुस्तीका कारण स्थानीय बासिन्दाहरूको घरमा धूलोले बस्नै नसकिने अवस्था आएको बताए । उनले भने, "अबको एक हप्ताभित्र काम सुरु नगरे हामी सबै जनतालाई साथमा लिएर संघर्षमा वताए ।"

सडक निर्माणको ढिला सुस्तीले सर्वसाधारणलाई सास्ती भोग्न बाध्य बनाएको भन्दै कांग्रेस, एमाले, माओवादी, जसपा, राप्रपा सहित सात दल र विभिन्न संघसंस्थाले संयुक्त रूपमा आन्दोलनमा जाने निर्णय गरेका छन्। शुक्रबार आयोजित सर्वदलीय बैठकपछि उनीहरूले मोरङका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद भट्टराई लाई ज्ञापन पत्र बुझाउँदै काम तत्काल सुरु गर्न माग गरेका छन् ।

सर्वदलीय भेलाले ठेकेदार कम्पनीलाई काम सुरु गर्न चेतावनी दिँदै, समयमै काम पूरा नगर्ने ठेकेदारलाई कालोसूचीमा राख्न माग गरेको छ । उनीहरूले आगामी सात दिनभित्र काम सुरु नभए आन्दोलन गर्ने निर्णय गरेका छन् ।

मोरङः पूर्व-पश्चिम जोड्ने महत्वाकांक्षी योजना अन्तर्गत मोरङको कटहरी गाउँपालिकामा निर्माणाधीन हुलाकी राजमार्गको काम पाँच वर्षदेखि अलपत्र परेको छ । सडक निर्माण कार्य सुस्त हुँदा स्थानीय जनताले हिलो र धूलोको समस्याका कारण दैनिक जीवनमा कठिनाइ भोग्नुपरेको छ ।

२०७६ सालमा तीन वर्षभित्र निर्माण सम्पन्न गर्ने लक्ष्यसहित सुरू गरिएको ४४ किलोमिटरको परियोजनामा हालसम्म २२ प्रतिशत मात्रै काम भएको छ । तीन अर्ब ६० करोड रुपैयाँको लागतमा ठेक्का लिएका ठेकेदार

वांकी अन्तिम पेजमा...

## १६ उम्मेदवार प्रतिस्पर्धामा

विराटनगर । कोशी प्रदेश मोरंग जिल्लाको ग्रामथान गाउँपालिकाको अध्यक्ष पदमा उम्मेदवारी दिएका सवै १६ जना नै चुनावी प्रतिस्पर्धामा भिडेका छन् ।

१५ वटा राजनैतिक दलका उम्मेदवार र १ जना स्वतन्त्र उम्मेदवारी दिएका छन्। १६ वटा उम्मेदवार अध्यक्ष पदको लागि उम्मेदवार भएपनि मुख्य तीन राजजैतिक दलका उम्मेदवार वीच प्रतिस्पर्धा हुने भएको छ। प्रतिस्पर्धा हुने मुख्य उम्मेदवारहरुमा नेकपा (एमाले)बाट तुलसीराम विश्वास, नेपाली कांग्रेसबाट बलराम सरदार, नेकपा (माओवादी केन्द्र) बाट नमोनारायण माझी रहेका छन्।


त्यस बाहेक राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)बाट दिनेशकुमार थन्दार (दिवेश), राष्ट्रिय स्वतन्त्र पार्टी ( रास्वपा)बाट नवीनकुमार विश्वास रहेका छन । त्यसैगरीअशोक राई नेतृत्वको जनता समाजवादी पार्टी ( जसपा)बाट धर्मेन्द्रकुमार चौधरी, नेपाल मजदुर किसान पार्टी (नेमकिपा)बाट पर्शुराम विश्वास थारु, मंगोल नेशनल अर्गनाइ जेसनबाट भरत राई, बाबुराम भट्टराई नेतृत्वको नेपाल समाजवादी पार्टीबाट रामकुमार चौधरी, जनमत पार्टीबाट विनोद कुमार माझी, नागरिक उन्मुक्ति पार्टीबाट बुद्धिचन विश्वास, नेकपा (एकीकृत समाज वादी) पार्टीबाट दिलबहादुर विश्वकर्मा, कमल थापा नेतृत्वको राप्रपा नेपालबाट राजु मुसहर, उपेन्द्र यादव नेतृत्वको जसपा नेपालबाट

वांकी अन्तिम पेजमा...

**वडावासीहरूमा हार्दिक अनुरोध**

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद) जस्ता कार्यहरू ३५ दिनभित्रै दर्ता गरौं ।
- वडामा बुझाउनु पर्ने सबै प्रकारका करहरु समयमा बुझाई सभ्य नागरिकको परिचय दिऔं ।
- वडाभित्र रहेका धार्मिक मठ मन्दिर, गुठी, ऐतिहासिक सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्द्धन गरौं
- घर निर्माण कार्य गर्दा इजाजत लिएर मात्र निर्माण गरौं ।
- अनुमति लिएर मात्र पसल तथा अन्य व्यवसाय सञ्चालन गरौं र समयमा नै नवीकरण गरौं ।
- बजार र सार्वजनिक क्षेत्रमा जथाभावि निर्माण सामग्री नराखौं ।
- अनाधिकृत रुपमा सवारी साधन पार्किङ नगरौं, ट्राफिक नियमको पालना गारौं ।
- सरसफाईमा ध्यान दिऔं, साबुनपानीले हात धोऔं, स्वस्थ खानेकुरा खाऔं, निरोगी बनौं र बनाऔं ।

**विश्वनाथ भगत (वडा अध्यक्ष)**
**विराटनगर महानगरपालिका वडा नं. ९ को कार्यालय**



परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## कोशी...

नेपालको मार्ग प्रशस्त गरियोस ।

- देशको राष्ट्रिय स्वाधीनता र सामुदायिक जनजीवनमा आँच पुर्याउने जुनसुकै सन्धि सम्झौता, स्मृतिपत्र तथा परियोजनाहरु तुरन्त खारेज गरि राष्ट्रिय स्वाभिमान सदढ्ढ गरियोस । देशको कतिपय स्थानमा अनाधिकन विदेशी सेना बसिरहेको सुचना छ भन्ने जनचासो सम्बोधन गर्न त्यसरी अनाधिकृत रुपमा बसेकाहरुलाई सावजानिक गरि कानुन बमोजिम काबाही गरियोस ।

- देशद्रोही, भ्रष्टाचारी, बलात्कारीलाइ आजिवन कारावासको कानूनी मजाय तोकियोसः ।

सार्वजनिक विद्यालयदेखि विश्वविध्यालयसम्मका शैशिक प्रतिष्ठानहरुलाई सावजानिक-सामुदायिक माझदारीको व्यवस्थापनमा बदलेर देशप्रेमी जनशक्ति उत्पादन विज्ञान-प्रविधिमा प्रतिस्पर्धात्मक तथा स्वरोजगारयुक्त शिक्षा निर्माणमा विशेष प्राथमिकता तोकियोस । महावीर पुन नेतृत्वको राष्ट्रिय आविस्कार केन्द्रलाई राज्यद्वारा बार्षिक बजेटमध्येको २ प्रतिशत बजेट विनियोजन गरियोस । हर्क साम्पाङको श्रम अभियानलाई राजकीय सास्कृतिक कार्यक्रम घोषणा गरि श्रमशील नेपालीका पहिचान पुननिमाण गरियोस ।

## बालबालिका...

विशेष कार्यक्रमहरुको पहिचान गर्न र सो अनुरुप कार्यक्रमहरु थप गर्न सघाउ पुग्ने विश्वास विश्वविद्यालयले लिएको छ ।

सम्मेलन आयोजनाका लागि काठमाडौं महानगर पालिका, विराटनगर महानगर पालिका, नविल बैंक, प्लान इन्टरनेशनल, सेभ द चिल्ड्रेन लगायतका संस्थाहरुको सहयोग रहेको छ ।

सम्मेलन कोशी प्रदेशका माननीय मुख्यमन्त्री हिक्मत कुमार कार्कीको प्रमुख आतिथ्यतामा मंसिर २१ गते उद्धाटन गर्ने कार्यक्रम रहेको छ ।

सो सम्मेलनमा करीब २ सय जनाको सहभागिता रहनुका साथै करीब ३० लाख खर्च लाग्ने डीन पोखरेलले वताए ।

## एनपीएल...

साबर्जनिक गरिएको हो । कार्यक्रममा कोशी प्रदेशका सामाजिक विकास मन्त्री पाँचकर्ण राई, विराटनगर महानगरपालिकाका मेयर नागेश कोइराला, कोशी प्रदेशका प्रमुख सचिव केदार शर्मालगायतको सहभागीता रहेको थियो ।

## १६ उम्मेदवार...

सुरेशकुमार राजवंशी र समावेशी समाजवादी पार्टी नेपालबाट बोधनारायण माझी चुनावी प्रतिस्पर्धामा रहेका छन् । नमनारायण चौधरीको स्वतन्त्र उम्मेदवारी रहेको छ ।

ती मध्ये कसैले पनि निर्धारीत समय सम्म उमेदवारी फिर्ता नलिएपछि सबैको उम्मेदवारी कायम भएको भएको छ ।। सोही बमोजिम मुख्यनिर्वाचन अधिकृतको कार्यालयले उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरेको छ । मुख्यनिर्वाचन अधिकृत उद्धवप्रसाद भट्टराईले स्थानीय तह निर्वाचन ऐन २०७३ को दफा २४ को उपदफा १ बमोजिम अन्तिम नामावली प्रकाशन गरिएको जानकारी गराए ।

२०७९ सालको स्थानीय तह चुनावबाट ग्रामथानको अध्यक्षमा नेपाली कांग्रेसका जयप्रकाश गच्छदार निर्वाचित हुनु भएको थियो । उहाँको गत असार ३ गते निधन भएसँगै रिक्त रहेको अध्यक्ष पदका लागि आगामी मंसिर १६ गते उपनिर्वाचन हुदैछ ।




## हुलाकी...

कम्पनीहरूले ८० प्रतिशत रकम खर्च गरिसकेका छन्, तर भौतिक प्रगति न्यून रहेको स्थानीयले बताएका छन् ।

निर्माण कार्यको जिम्मा लिएका गजुरमुखी र श्रेष्ठ कन्स्ट्रक्सन प्रालिका साथै अन्य पाँच ठेकेदार कम्पनी हरूले निर्माण कार्यमा देखाएको हेलचेक्र्याइँका कारण समस्या थपिएको छ ।

सडक निर्माण पूरा नहुँदा वर्षामा हिलो र हिउँदमा धूलोका कारण यात्रु र स्थानीय बासिन्दा दुबैलाई कठिनाइ भइरहेको छ । स्थानीय बासिन्दाले पटक पटक काम सुरु गर्न आग्रह गरे पनि कुनै प्रगति नभएको गुनासो गरेका छन् ।

सडक किनारका बासिन्दा हरूले धूलोका कारण खानपिन र स्वास्थ्य समस्याको सामना गर्नुपरेको छ । "सडकको काम अलपत्र परेपछि बर्खामा हिलोले बाटो हिँड्न सकिँदैन, हिउँदमा धूलोले स्वास्थ्यमा असर पुर्याएको छ," अध्यक्ष चौधरीले बताए ।

पूर्व-पश्चिम राजमार्गको वैकल्पिक मार्गको रूपमा निर्माण भइरहेको यो हुलाकी राजमार्ग राष्ट्रिय गौरवको आयोजना हो। तर, पाँच वर्ष बितिसक्दा पनि निर्माण कार्यले गति लिन नसक्दा सरकार र निर्माण व्यवसायीप्रति जन आक्रोश बढ्दै गएको छ ।

**ट्राफिक नियमको पालना गरौं । सडक सुशासन कायम गरौं ।।**

## वडावासीहरूमा हार्दिक अनुरोध

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद) जस्ता कार्यहरू ३५ दिनभित्रै दर्ता गरौं ।
- वडामा बुझाउनु पर्ने सबै प्रकारका करहरु समयमा बुझाई सभ्य नागरिकको परिचय दिऔं ।
- वडाभित्र रहेका धार्मिक मठ मन्दिर, गुठी, ऐतिहासिक सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्द्धन गरौं
- घर निर्माण कार्य गर्दा इजाजत लिएर मात्र निर्माण गरौं ।
- अनुमति लिएर मात्र पसल तथा अन्य व्यवसाय सञ्चालन गरौं र समयमा नै नवीकरण गरौं ।
- बजार र सार्वजनिक क्षेत्रमा जथाभावि निर्माण सामग्री नराखौं ।
- अनाधिकृत रुपमा सवारी साधन पार्किङ नगरौं, ट्राफिक नियमको पालना गारौं ।
- सरसफाईमा ध्यान दिऔं, साबुनपानीले हात धोऔं, स्वस्थ खानेकुरा खाऔं, निरोगी बनौं र बनाऔं ।

**उद्धव कुमार भुजेल (वडा अध्यक्ष)**
**विराटनगर महानगरपालिका वडा नं. १६ को कार्यालय**

## महिला हिंसाका घटनालाई कानुनी दायरामा ल्याऔं ।

- महिला हिंसा जोसुकैबाट जुनसुकै वेला जहाँसकै पनि हुन सक्छ,
- हिंसाका घटना लुकाउँदा, ढाँकछोप गर्दा पीडक थप उत्साहित हुन सक्छन्,
- उत्साहित पिडकले थप घटना घटाउन सक्छन्, आफन्त, नातेदार, छिमेकी, साथीभाई, सहकर्मी भनी पीडकलाई उम्कन नदिऔं, पिडकलाई कानुनी दायरामा ल्याऔं, सभ्य समाजको निर्माण गरौं ।

**नेपाल सरकार, विज्ञापन बोर्ड**

## पूर्वाधार विकास कार्यालय विराटनगर, मोरंग

### पूर्वाधार विकास कार्यालयको जनहितमा जारी सन्देश

- सडकमा घरपालुवा चौपायाहरू बेवारिसे अवस्थामा नछोडौं ।
- सडकको दायाँ-बायाँ रुख विरुवा रोपौं ।
- ढुङ्गा, बालुवा गिट्टी, रड इत्यादी निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं ।
- घर बनाउँदा नेपाल सरकाको मापदण्डअनुसार सडक छोडेर बनाऔं ।
- निर्माण सामग्री बोक्ने ट्याक्टर, टिपर, ट्रकहरूले माटो बालुवा, गिट्टी ढुवानी गर्दा सडकमा झार्दै ढुवानी नगरौं ।
- सडकको दायाँ बाँयामा क्षति हुनेकुनै पनि काम नगरौं ।
- सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं ।
- सडक, बाटो तपाई हाम्रो साझा सम्पत्ति हो त्यसैले संरक्षण गरौं ।
- सुरक्षित तथा भुकम्प प्रतिरोधी आवास निर्माण गरौं ।
- सडकको सुरक्षा नै सुरक्षित यात्रा सुनिस्चित गर्नु हो ।
- दिगो र बलियो भौतिक संरचनामा जोड दिऔं ।
- प्राविधीकको निगरानीमा भौतिक संरचना निर्माण गरौं ।
- दिगो सडक, पुल, पुलेसा, भवन निर्माण हाम्रो सरोकार जोखिम रहित पूर्वाधार सेवा प्राप्ती नागरीक अधिकार ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं ।
- विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।

## वडावासीहरूमा हार्दिक अनुरोध

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद) जस्ता कार्यहरू ३५ दिनभित्रै दर्ता गरौं ।
- वडामा बुझाउनु पर्ने सबै प्रकारका करहरु समयमा बुझाई सभ्य नागरिकको परिचय दिऔं ।
- वडाभित्र रहेका धार्मिक मठ मन्दिर, गुठी, ऐतिहासिक सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्द्धन गरौं
- घर निर्माण कार्य गर्दा इजाजत लिएर मात्र निर्माण गरौं ।
- अनुमति लिएर मात्र पसल तथा अन्य व्यवसाय सञ्चालन गरौं र समयमा नै नवीकरण गरौं ।
- बजार र सार्वजनिक क्षेत्रमा जथाभावि निर्माण सामग्री नराखौं ।
- अनाधिकृत रुपमा सवारी साधन पार्किङ नगरौं, ट्राफिक नियमको पालना गारौं ।
- सरसफाईमा ध्यान दिऔं, साबुनपानीले हात धोऔं, स्वस्थ खानेकुरा खाऔं, निरोगी बनौं र बनाऔं ।

**तिर्थेन्द्र न्यौपाने (वडा अध्यक्ष)**
**विराटनगर महानगरपालिका वडा नं. १५ को कार्यालय**

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-८ कम्प्युटर लेआउटःविजय कु.मण्डल
मुद्रकःबाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेलःcrimeopration@gmail.com

## सम्पादकीय

### उपनिर्वाचनमा कसले मार्लाबाजी

देशभरीमा निधन भएका जनप्रतिनिधीहरुको ठाउँमा उपनिर्वाचनको लागि मंसिर १६ गतेको समय तोकिएको छ। उक्त स्थानहरुमा राजनैतिक दल र स्वतन्त्र उम्मेदवारहरुले चुनावी प्रतिस्पर्धामा उत्रेका छन्। देशभरीमा ४४ पदको लागि निर्वाचन हुँदैछ। जसमा जिल्ला समन्वय समिति २, नगरपालिका प्रमुख, उपप्रमुख, गाउँपालिका अध्यक्ष र उपाध्यक्ष गरी ८ र ३४ वडाअध्यक्षको लागि उपनिर्वाचनमा प्रतिस्पर्धा भईरहको छ। कोशी प्रदेशमा १ गाउँपालिका अध्यक्ष, १ जिल्ला समन्वय समन्वय समिति प्रमुख, ७ वडा अध्यक्षको लागि निर्वाचन हुने भएकोछ।

कोशी प्रदेश मोरंग जिल्लाको ग्रामथान गाउँपालिकामा अध्यक्ष पदका लागि १५ वटा राजनीतिक दल र एक स्वतन्त्र उम्मेदवारी गरी १६ जना चुनावी प्रतिस्पर्धामा भिडेका छन्। ग्रामथानका अध्यक्ष जयप्रकाश गच्छदारको गत असार ३ मा निधन भएको थियो। १६ जनाको उम्मेदवारी कायम रहेपनि मुख्य रुपमा अध्यक्षको उम्मेदबारहरुमा एमालेबाट तुलसीराम विश्वास, नेपाली कांग्रेसबाट बलराम सरदार र नेकपा माओवादीबाट नमोनारायण माझी बीन नै प्रतिस्पर्धा हुने भएको छ। उप निर्वाचनमा पनि पुरानै परिपाटी दोहोरीको देखिन्छ। मतदातालाई प्रभावमा पार्न घोषणपत्र, तामधामका साथ प्रचार प्रसार, दारु मासु वितरण भई रहेको छ।

यस्तो प्रकारको निर्वाचन प्रणालीले असल नेतृत्वलाई चुनाव जित्न असम्भव छ। अहिलेको चुनावी प्रणालीमा जोसंग छ नोट उसैलाई भोट भई रहको छ। उम्मेदवारले लगानी गरेसकेपछि आन्दानी पनि गर्ने पर्ने भएकोले उम्मेदवारी जिति सकेपछि आफ्नै लगानी उठाउन तल्लीन भएकोले विकास निर्माणका काम हुँदैन। त्यसैले स्वच्छ प्रतिस्पर्धाको लागि निर्माचन प्रणालीमा सुधार गर्न आवश्यक छ।

## साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ। मनोरञ्जन र भ्रमणको योग छ।**

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ।**

**मिथुन (क, कि, कु, घ, ङ, छ, के, को, ह)** : युवा वर्गका लाीगि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** : युवावर्गका लीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

**कन्या (टो, प, पी, पू, ष, ण, ठ, पे, पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन। बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला (रा, री, रु, रे, रो, ता, ती, तु, ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला। काममा विघ्न वाधाहरु आउन सक्नेछन।

**वृश्चिक (तो, ना, नि, नू, ने, नो, या, यि, यू) : बुद्धिको प्रभावले ठुला–ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु (यो, भा, भी, भू, ध, फा, ढ, भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ। महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

**कुम्भ (गु, गे, गो, सा, सी, सु, से, सो, द) :सानो तिनो चोटपटकको सम्भावना रहेकाले सतर्कता अपनाउनु होला। भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी, दु, थ, झ, ञ, दे, दो, च, ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

# एआईले शिक्षामा गर्दैछ यस्तो परिवर्तन

**प्रविज्ञ रेग्मी**

केही दिनअघि शिक्षकहरू सँग कृत्रिम बौद्धिकता (एआई) ले शिक्षामा कस्तो परिवर्तन गर्दैछ र यसलाई शिक्षामा कसरी समावेश गर्ने भनेर छलफल भएको थियो।

यसका प्रभाव के हुन सक्छन् भन्नेबारे विचार-विमर्श गर्दा हामी रोमाञ्चित भयौं।

यो लेख यही सन्दर्भमा प्रस्तुत गरेको छु।

लेखको पहिलो पाटोमा हालसम्म उपलब्ध एआई (आर्टिफिसियल इन्टेलिजेन्स) प्रविधिको चर्चा गर्नेछु र शिक्षक-विद्यार्थीका पक्ष समेट्नेछु।

दोस्रोमा, अहिले विज्ञानकथा जस्तो लाग्ने तर भविष्यमा स्थापित हुन सक्ने र एआईले ल्याउन सक्ने क्रान्तिकारी परिदृश्य राख्नेछु।

एआईले शिक्षालाई तीव्र गतिमा उथलपुथल गर्ने क्रम सुरू भइसकेको छ। यसको सम्भावना, साथसाथै यसले शिक्षक र विद्यार्थीहरूका लागि के परिणाम ल्याउन सक्छ भन्ने विषयमा अहिले अनेक गम्भीर बहस र प्रश्नहरू पनि खडा हुन थालेका छन्।

अहिले इन्टरनेटमा एआई-सम्बर्धित शैक्षिक साइटहरू पाइन्छन्। यिनमा साधारण लेखन, किताब, कथा, निबन्ध लेखन, चित्रांकनदेखि थेसिससम्म छन्। यिनको प्रयोगले छोटो समयमा थुप्रै कामहरू सिद्ध्याउन सकिन्छ। पाठ योजना गर्न सकिन्छ। सिकाइलाई विभेदीकरण गर्नेदेखि विधिशास्त्रका रणनीतिहरूलाई संयोजन गर्न सकिन्छ।

च्याट-बटहरूले विद्यार्थीका प्रश्नहरूको उत्तर दिन मद्दत गर्छन्। भाषा सिकाउने र गणित पढाउने जस्ता एआई उपकरणहरू विद्यार्थीको दैनिक अनुभवको हिस्सा बनिसकेका छन्। सिकाइको 'गेमिफिकेसन' क्रमश: एआईले लिन थालेको छ।

एआईले एक प्रभावकारी सहयोगीका रूपमा पनि शिक्षक-विद्यार्थीसँग काम गर्न सक्छ। उदाहरणका लागि, विद्यार्थीमा आलोचनात्मक सोच विकास र बौद्धिक विकास अभिवृद्धि जस्ता पक्षहरूमा थप उपलब्धिका लागि एआई उपयोग गर्न सकिन्छ।

हाल विश्वभरका शिक्षक, स्कुलहरूले एआईलाई ग्रेडिङ प्रणालीको व्यवस्थापन, उपलब्धिको तथ्यांक विश्लेषण र निर्णय, विद्यार्थीको मूल्यांकन र व्यक्तिगत सिकाइका मार्गहरू सहज बनाउन पनि प्रयोग गरिरहेका छन्।

तसर्थ, हाम्रोमा पनि अबदेखि नै स्कुल र अरू शैक्षिक संस्थाहरूले एआई प्रयोगको तयारी गर्नुपर्ने टड्कारो आवश्यकता छ।

शिक्षण र सिकाइलाई एआई अनुकूल बनाउन ती प्रक्रियाहरूलाई विचारशील ढंगले प्रविधिमा एकीकृत गर्नुपर्छ। यो तयारीमा आवश्यक पूर्वाधार निर्माण, एआईसँग काम गर्न शिक्षकहरूलाई तालिम र यसको प्रयोगमा शैक्षिक लक्ष्य र नैतिक मापदण्डसँग मेल खाने किसिमको आवश्यक ढाँचा अपनाउनु पर्छ।

अब स्कुलहरूले शिक्षणमा शिक्षकको भूमिकालाई मात्र सीमित नगरी एआई प्रयोग गर्नुपर्छ। यसलाई ज्ञानको संकलक र विधिशास्त्रको सहयोगीका रूपमा उपयोग गर्नुपर्छ। शिक्षकहरूले एआईबाट प्रचुर फाइदा लिन सक्छन्। जस्तै, विद्यार्थीको व्यक्तिगत उपलब्धि अनुगमन गर्न सकिन्छ। एआई उपयोग गरी पाठ योजना बनाउँदा बचत भएको समय शिक्षकले विद्यार्थीहरूसँगको मानवीय पक्ष वा सामाजिक सम्बन्धको विकास निर्माणमा दिन सक्छन्।

शिक्षकले एआईका सम्भावित पूर्वाग्रहहरू पनि सम्बोधन गर्न जान्नुपर्छ। यसो गरेमा, मानव अन्तर्दृष्टि प्रतिस्थापन हुँदैन र एआई प्रविधि पूरकका रूपमा स्थापित हुन्छ।

एआई दुरूपयोग गर्दा शैक्षिक समस्या अझै बल्झिन सक्छ। उदाहरणका लागि, विद्यार्थीले कार्यसम्पादन गर्दा उसले गर्नुपर्ने बौद्धिक परिश्रम एआईबाट गराइयो भने, उसको बौद्धिक अभ्यास कम हुन्छ र वास्तविक उपलब्धिमा ह्रास आउने जोखिम हुन्छ।

यो समस्या समाधानका लागि धेरै शैक्षिक संस्थाहरूले नीतिगत रूपमा एआई-उत्पादित बौद्धिक चोरी अनुगमन गर्न इकाइहरू पनि स्थापना गरेका छन्। तर एआईबाट उत्पन्न गरिएका कामलाई त्यही एआईका उपकरणले निस्तेज गर्दा समस्या झन् जटिल भएको छ। शिक्षक र स्कुलहरूले बौद्धिक इमानदारितालाई मानवीय मूल्यका रूपमा स्थापना गर्न सके मात्र यो समस्याको दिगो समाधान हुनेछ। यहाँ विद्यालय, शिक्षक र विद्यार्थीबीचको नैतिक धरातलले मात्रै काम गर्न सक्छ।

एआई विद्यार्थीहरूको सिकाइलाई अभिवृद्धि गर्ने शक्तिशाली माध्यम हो। यसको प्रयोगले विद्यार्थीहरूले आफ्नो आवश्यकता, कठिनाइ स्तर र रूचिमा आधारित पाठ्य सामग्री पाउन सक्छन्। यति मात्र नभएर उनीहरूले स्पष्ट नभएका अवधारणाहरू एआईसँग अन्तर्क्रिया गरेर बुझ्न सक्छन्।

एआईमा आधारित सम्बर्धित वास्तविकता (एआर) र भर्चुअल वास्तविकता (भिआर) ले अनुभवात्मक सिकाइ सहज बनाउन सक्छ। उदाहरणका लागि, विद्यार्थीहरूले ऐतिहासिक घटनाहरूका भर्चुअल भ्रमण गर्न वा सिकाइका जटिल अवधारणाहरू यो प्रविधिमार्फत सहजै अनुभव गर्न र बुझ्न सक्छन्।

यसका साथै यो प्रविधिले संघर्षशील विद्यार्थीलाई सरल तरिका र निपुण विद्यार्थीलाई चुनौतीपूर्ण सामग्री दिएर थप सक्षम बनाउन सक्छ।

एआईका शिक्षण उपकरणहरू सुलभ बनाउन सकियो भने यसले शिक्षामा समानता ल्याउन सक्छ। विद्यार्थीहरूले आफ्नो सामाजिक, आर्थिक पृष्ठभूमिको आधारबिनै उच्च गुणस्तरका शैक्षिक स्रोतहरूमा पहुँच पाउनेछन्।

विद्यालय, शिक्षकहरूले विद्यार्थीहरूलाई एआई एक उपकरणको रूपमा मात्र प्रयोग गर्न सिकाउनुपर्छ। उनीहरूको आवश्यक प्रयास र विचार प्रतिस्थापन हुन दिनु हुँदैन। अघि उल्लेख गरेजस्तै, यसमा अत्यधिक निर्भरता भएमा सिर्जनशीलता र आलोचनात्मक सोच निरूत्साहित गर्छ र मौलिकता नष्ट हुन्छ। यसको अर्थ, एआईले सिर्जनशीलता घटाउँछ भन्ने होइन, प्रश्न यसको सही उपयोग हो।

उदाहरणका लागि, एआई-चालित भाषा मोडलहरूले फरक विचार उत्पन्न गर्न, शब्दावलीमा सुधार गर्न वा लेखाइमा सुधारका लागि सुझाव दिन्छ जसले भाषाको बहुआयामिक सिर्जनशीलतालाई सबल बनाउँछ। साथै विद्यार्थीहरूले सोचेर, बुझेर एआई प्रयोग गरेमा आफ्नो सिर्जनशीलता र अन्वेषणपन प्रवर्द्धन गर्न सक्छन्।

अब यस लेखको दोस्रो पाटोमा एआईको अर्को रोमाञ्चक पक्ष उल्लेख गर्छु।

एआई प्रविधिको यस्तो फड्कोले भविष्यमा शिक्षाको संरचनालाई पूर्ण रूपमा बदल्न

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

लाईफ गार्ड हस्पिटल
०२१४६४१७७
कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

क्राईम अपरेशन

# कोशी नाम राखिएको दिन फागुन १७ गतेलाई अध्यारो दिनको रूपमा मनाउने

विराटनगर । प्रदेश नं. १ पुन नामाङ्कन संयुक्त सङ्घर्ष समितिले फागुन १७ गतेलाई विभिन्न कार्यक्रम गरी कालो दिवसको रुपमा मनाउने घोषणा गरेका छन् ।

कोशी प्रदेशको नामांकको विरुद्धमा समितिले मंसिर २ गते कोशी प्रदेशको राजधानी विराटनगरमा विशाल आमसभा गरी विरोध प्रर्दशन गरेका थिए । समितिले मंसिर ३ गते विराटनगरमा पत्रकार सम्मेलन गरी एक विज्ञप्ती प्रकाशीत गरेका थिए ।

प्रेस विज्ञप्तीको पूर्णपाठ यस प्रकार रहेको छ ।

प्रगतिशील जनताको व्यापक माग र खबरदारीलाई उपेक्षा गर्दै २०७२ फागुन १७ गते राती कायरता पूर्वक र षड्यत्वमूलक ढंगले कोशी नाम थुपरिएपछि प्रतिरोधमा जनता जुरुक्कै उठे । पुन : नामाइङ्कन संघर्षको क्रममा युवा नेता पदम लिम्बू (जाजेहाङ) को सहादत भएको छ । गजेन्द्र फागो र दिक्षा क्षेत्री संजय राई सहित सैयौं आन्दोलनकारी घाइते छन् । डेड बपदेखि आन्दोलनमा सहभागी आशिष सांवा इलाम कारागारमा छन्। यसबीचमा प्रदेश सरकारसंग तीन चरण बाती गरिए पनि सरकारी पक्षवाट आन्दोलनको माग निस्तेज पार्ने प्रपञ्च मात्र भए ।

बार्ताको क्रममा भएका निर्णयहरुको कुनै काम सरकार पक्षले पुरा नगरलेकोले वार्ता स्वतह भंग छ । त्यसैले आन्दोलनलाई निर्णायक मोडमा पुयाई तार्किक निस्कर्षमा पु¥याउन हिजो बिराटनगरमा जनपदर्शनको साथ विरोध सभावाट नयाँ चरणको बान्दोलन घोषणा गर्न बाध्य भयौ ।

सरकारी पक्ष गम्भीर नखिएपछि गाउँगाउँमा संघर्षको लहर बढदै गएको छ । सरकार र सरकार नेतृत्व गर्ने दलहरु सहमतिमा नबाएपछि आन्दोलनबाटै ऐतिहासिक पहिचान र सभ्यताको आधारमा पुन: नामाङ्कन गरिनेछ

१. जारी प्रदेश पुन नामाङ्कन आन्दोलनलाई नयां चरणमा उठाउन ८२ जोड ३ सासद एवम् नेताहरु विरुद्धको कारबाहीलाई प्रभावकारी बनाउने दबाब दिनको लागि प्रदेश सभा सदस्यहरुको परिवार तया नातागोताहरूलाई कोशी नाममा दिएको हस्ताक्षर फिर्ता लिएर जात्मा आलोचना गर्न अनुरोध गर्ने ।

२. प्रदेशको नाम कोशीमा हस्ताक्षर गर्ने ८२ जना सांसदहरुलाई प्रदेश नं १ संसद सचिवालयमा उक्त हस्ताक्षर फिर्ता लिएको आधिकारिक सूचना दर्ज गराई जनताको कित्तामा चाँडोभन्दा चांडो उभिन दबाव बढ़ाउने ।

३. कोशी नाम खारजी नभएसम्म वा कोशीमा दिइएको हस्ताक्षर फिर्ता लिएको संसद सचिवालयमा जानकारी नगराए सम्म प्रदेश सभा सदस्यहरु सार्वजनिक कार्यक्रमहरूमा सहभागि भए प्रतिरोध गर्ने नीति लिइएकोले सार्वजनिक कार्यक्रमहरूमा निमन्त्रणा नगर्न नगराउनुहुन सबै पक्षलाई अनुरोध गर्दछौ । कार्यक्रममा जवरजस्ति बोलाइए हुनसक्ने क्षतिको जिम्मेबार स्वयम आयोजक हुने पत्रकार मित्रहरु मार्फत सबैमा जानकारी गर्दछौं । हटाउने कार्यक्रम तिब बनाइने छ । कोशी नामको लेटर प्याड छाप नचलाउन कार्यालय प्रमुख कर्मचारीहरु लाई अनुरोध गर्ने नमानेमा स्पष्टिकरणको कारबाही अघि बढाइनेछ ।

५. कथित कोशी प्रदेश सभामा नाम खारेजी र पुन : नामाङ्कन प्रक्रिया २०८१ चैत १० गते सम्ममा राज्यपक्ष, ८२ सांसद र दलहरुबाट अगाडी नबढे राष्ट्रिय सहिद लाजेहाङको स्मृति दिवसको सोही दिनबाट प्रदेश नं १ संसद घेराउ मख्यमन्त्री कायर्यालय घेराउसहित अनिश्चितकालीन प्रदेश नं १ मा आम हड्ताल जस्ता कडा जान्दोलन हुने र प्रदेश न १ बाट कोशी नाम खारेजी र पुन: नामाङ्कनको आन्दोलनसंगसंगै तेस्रो जनआन्दोलनको प्रस्थान विन्दु तय गर्दछौ ।

६. कोशी नाम जबरजस्ती राखिएको दिन फागुन १७ गतेलाई अध्यारो दिनको रुपमा विभिन्न कार्यक्रम गरेर मनाउने निर्णय गरियो ।

७ ताप्लेजुङ्ग बैठकको समानान्तर स्वायत्तता र स्वशासन सत्ता अभ्यास तिर अगाडी बढ्न आन्दोलनले घनिभुत तयारी गर्दै तेस्रो जनआन्दोलन तयारी समिति मार्फत प्रदेश ३,४, ५, ६, र ७ को हकमा प्रदेश पुन: नामाइनसहित सम्भव ईलाकामा तेस्रो जनआन्दोलन कार्वाही बढाउदै समानान्तर स्वायत्त उवसासन अभ्यास आन्दोलनको घनिभूत बहस उठान गर्ने । मधेश बाहेक अन्य ५ वटा प्रदेशका पहिचान बिरोधी प्रदेश सासदहरुलाई ती प्रदेश नामहरु पुनर्विचार गर्न सचेत गराउदै अन्यथा भएमा त्यसबाट उत्पन्न परिस्थितिको जिम्मेवार स्वय सासदहरु हुने कराको व्यापकता दिने ।

८. पहिचानसहित समाज वाद र लोकतन्त्र स्थापनाको अभावमा समुदायको पहिचान लाई अस्वीकार गर्ने दल र नेताहरुले देश तथा जनजीवन को प्रतिनिधित्व गर्न नसक्ने चरित्र प्रमाणित भइसकेको हुँदा ती दलहरुमा रहेका पहिचान पक्षधर नेताहरुलाई त्यस्ता दल परित्याग गरि जनताको साथमा उभिन आग्रह गर्ने ।

९. ताप्लेजुङमा घोषित बाजहाङ मार्ग ओखलङ्गामा घोषित बलबहादुर राई मार्गलाई पुनव्यवस्थित गर्दै धरान-धनकुटा सडकलाई राम्लिहाङ-रिदामा मार्ग घोषणा निर्णय र चतारा-गाईघाट-दुधौली सडकलाई नारदमुनी वल्ड मार्ग घोषणा निर्णयलाई सिघ्र कायर्यान्वयन र भोजपुर-घोडेटार वालाङखा चौदण्डी मार्गलाई रामप्रसाद राई मागे घोषणा गर्ने ।

१०. सांस्कृतिक पवित्र मुन्धुमीस्थल मुकम्लुङ साथै विभिन्न आदिवासी भूमी डोरपाटनल बोझेनी लगायत सांस्कृतिक सम्पदा रक्षा आन्दोलनमा दृढतापूर्वक सघाऊ पुर्‍याइने, छ । स्थानीय तहबाटै 'पहिचान बिना कर नतिरी (No Identity No Tax ) आन्दोलनवारे परिपक्व तयारी गरी कायर्यान्वयन मा जाने ।

११. २०८० देखि कारागारमा बन्दी बनाइएका श्री आशिष सांवाको रिहाईका लागि राजनीतिक, कानूनी सडकबाट हरसम्भव प्रयत्न जारी राखिनेछ ।

१२. २०८१ मंसिर २ गते विराटनगरमा घोषणा भएको संघर्षको नीति अनुसार संयुक्त संघर्ष समितिको बैठकले कार्यक्रम वनाएर प्रभावकारी कायांन्वय गरिनेछ ।

१३. आन्दोलनलाई प्रभाव कारी बनाउन पहिचानवादी महिला, युवा विद्यार्थी बुद्धिजीवि मजदूर किसान सुकुमवासी र देशप्रेमी व्यापार-व्यवसायीलाई लिएर स्थानीय तह वार्ड या टोलसम्म संघर्ष समिति गठन, पुनर्गठन सहित निर्णायक आन्दोलनको तयारीमा लाग्ने ।

अन्त्यमा अस्तित्व र पहिचान रक्षा र पुन स्थपनाको यो ऐतिहासिक एवम महान आन्दोलनमा प्रचार प्रशारमा सहयोग गरिरहने मिडिया हाउस पत्रकार मित्रहरु हालसम्म तन मन धन लगायत सबै प्रकारले साथ सहयोग गर्नुहुने र गरिरहनुभएका सबै देश विदेशका न्यायप्रेमी आम जनसमुदायमा प्रदेश न १. पुन नामाङ्कन संयुक्त संघर्ष समिति र यसमा आवद्ध सम्पूर्ण घटक सदस्यहरुको तर्फबाट सम्मान व्यक्त गर्दै हार्दिक धन्यबाद प्रदान गर्दछ । साथै आगामी दिनहरुमा पनि सहयोग योगदानको अपेक्षा रास्ते साथ सहयोग जारी राख्दै आन्दोलनलाई निणायक निस्कपमा पुग्ने विश्वास्त छौ ।

त्यसैगरी मंसिर २ गते विशाल जन प्रदर्शनमा घोषणा भएको बुँदाहरु

- नेपालको संविधान २०७२ को प्रस्तावनामा व्यक्त वर्गीय, जातीय, लैंगिक विभेदको अन्त्य" प्रावधानमा कान महङ्गी र भ्रष्टाचार अन्त्य गरियोस । लघु वित्त, मिटरब्याज तथा सहकारी पीडितका समस्या समाधानको कादम उठाइयोस् ।

- संविधानको धारा ३ को "बहुजातीय, बहुसास्कृतिक राज्य नेपाल" कार्यान्वयन गरियोस् ।

- संबिधानको धारा ४ को समाजबाद उन्मुख राज्य" प्रावधान अभ्यास गर्न विद्यमान भ्रष्ट दलाल तथा एकल जातीय पूँजीवादी पुरुषसत्तावादी, मजदुर, किसान, सुकुमवासी, अदिवासी जनजाति, महिला, मधेशी, शिल्पी दलित लयागत उत्पीडित जनता विरोधी निर्वाचन प्रणाली खारेजगरी वर्गीय, लैंगिक, सर्वजातजातीय जनसख्याको आधारमा पूर्ण समानुपातिक निवाचन प्रणाली स्थापना गरियोस् ।

- दलित मधेसी मुस्लिम, आदिवासी जनजाति र खस आर्यको सामुदायिक चक्रप्रणाली मा देशको कार्यकारी प्रमख चुन्ने व्यवस्था गरियोस ।

- स्थानीय तह प्रमुखमा लैगिक : चक्रप्रणालीको कानूनी व्यवस्था गरियोस । जसले, पांच वर्ष महिला र अर्को पांच वर्ष पुरुष प्रमुख निश्चित गरियोस ।

- राज्यको ७० प्रतिशत बजेटसहित समाजबाद शिक्षा, स्वास्थ्य, रोजगारी, आवास, खाद्य्य अधिकार लगायत न्यूनतम जनजीविकाको सवालहरुको कार्यान्वयन दायित्व प्रदेश र स्थानीय तहमा हस्तान्तरण गरियोस ।

- तीनवटै तहको सरकारी बजेट निर्माण गर्दा सम्बन्धित तहका आदिवासी जनजाति महासंघ अन्तर्गतका सबै संघसस्थाको सामदायिक प्रतिनिधित्व अनिवार्य गराइयोस । सो बमोजिम दलित, मुस्लिम, खस तथा ब्राम्हणको सस्थागत प्रतिनिधित्व गराइयोस् ।

- नेपालमा बोलिने सबै जाति समदायका मातृभाषालाई सरकारी भाषाको सिघ्र मान्यता दिइयोस् ।

जत-जातीय एवं लैगिक जनसख्याको पूर्ण समानुपातमा राजकीय प्रशासनिक सेवा, कुटनीतिक तथा राजनीतिक नियुक्तिका व्यवस्था गरि सम्पर्ण साझेदारीमा स्वाधीन र समुद्र

वांकी अन्तिम पेजमा...

# तास खेल्ने ६ पक्राउ

सुनसरी । सुनसरीको इटहरी उप-महानगरपालिका-६ स्थितबाट तास खेल्ने ६ जनाको समुहलाई प्रहरीले पक्राउ गरेको छ ।

मंसिर ७ गते बुधवार इटहरी-६ स्थितमा रहेको गजुरमुखी होटलमा तास खेलीरहेको भन्ने बिशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय इटहरीबाट खटिएको प्रहरी टोलीले होटल संचालक इटहरी-४ का ३५ बर्षीय नविन पुरी, इटहरी-६ का ४५ बर्षीय जिवन कार्की, इटहरी-१७ का ५२ बर्षीय दुर्गा कार्की, बराहाक्षेत्र नगरपालिका-१ का ३० बर्षीय सुवास राई, बराहक्षेत्र-८ का ४९ बर्षीय खड्ग बहादुर विष्ट, रामधुनी नगरपालिका-५ का ४६ बर्षीय गौरी शंकरलाई पक्राउ गरेको छ ।

प्रहरीले उक्त स्थानबाट नगद २ लाख २८ हजार ५ सय रुपैयाँ र ३० प्याकेट तास समेत बरामद गरेको छ । पक्राउ परेका उनिहरुको आवश्यक कानुनी कारवाही भईरहेको छ ।

# प्रहरी चौकी बराह क्षेत्रको भवन समुद्घाटन

सुनसरी । सुनसरीको बराहक्षेत्र नगरपालिकाका-१ स्थितमा रहेको प्रहरी चौकी बराहक्षेत्रको नव निर्मित भवनको समुद्घाटन भएको छ ।

मंसिर ५ गते कोशी प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक चन्द्र कुवेर खापुङको प्रमुख आतिथ्यता तथा बराहक्षेत्र नगरपालिकाका उप-प्रमुख नन्द कुमारी सुनुवारको अध्यक्षतामा नव निर्मित प्रहरी चौकीको शिलालेख अनावरण गरी भवनको बिधिवत रुपमा समुद्घाटन गर्नु भएको थियो ।

नव निर्मित भवनको समुद्घाटन तथा निरीक्षण पश्चात कार्यक्रमलाई सम्बोधन गर्नु हुँदै प्रदेश प्रहरी प्रमुख खापुङले धरतीको पहिलो तिर्थ स्थल बराहक्षेत्रमा प्रहरी चौकी बराहक्षेत्रको नव निर्मित भवन निर्माण सम्पन्न भई उद्घाटन भएकोमा निर्माण कार्यमा सहयोग पु¥याउनु हुने सम्पुर्ण महानुभावहरुमा वधाई तथा धन्यवाद व्यक्त गर्नुका साथै आगामी दिनहरुमा जन स्तरमा प्रहरीले प्रदान गर्ने शान्ति सुरक्षा तथा अपराध नियन्त्रण कार्यमा जन चाहना वमोजिमको प्रहरी सेवा प्रदान हुनेमा आफु विश्वस्त रहेको वताउनु भएको थियो ।

वहाँले प्रहरी चौकीमा कार्यरत प्रहरी कर्मचारीहरुलाई नयाँ भवन प्राप्त भए संगै आम नागरिकमा प्रहरीले प्रदान गर्ने सेवामा थप गुणस्तर सहितको प्रहरी सेवा प्रदान गर्न तथा भवनको सरसफाई रेख देख संरक्षण नियमितरुपमा गर्न समेत निर्देशन दिनु भएको थियो ।

नव निर्मित भवनको उद्घाटन कार्यक्रममा कोशी प्रदेश प्रहरी कार्यालय बिराटनगर भौतिक पुर्वाधार शाखाका प्रहरी उपरीक्षक आर्किटेक हरी डंगोलले भवन निर्माण सम्वन्धि प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो भने जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रमुख प्रहरी उपरीक्षक सुमन कुमार तिम्सिना तथा बराहक्षेत्र नगरपालिकाका उप-प्रमुख नन्द कुमारी सुनुवारले आ-आफ्नो मन्तव्य राख्नु भएको थियो ।

नेपाल सरकारको नियमित बजेट ३ करोड १९ लाख ४० हजार रुपैयाको लागतमा अढाई तल्ले सुबिधा सम्पन्न कार्यालय भवन, भान्साघर तथा शौचालयको निर्माण कार्य सम्पन्न भएको हो ।

कार्यक्रममा जिल्ला स्थित सुरक्षा निकायका प्रमुखहरु, कोशी प्रदेश प्रहरी गण बिराटनगरका प्रमुख प्रहरी उपरीक्षक प्रदिप बहादुर क्षेत्री लगायत प्रहरी अधिकृतहरु, स्थानिय जनप्रतिनिधिहरु, बिभिन्न कार्यालय, संघ संस्थाका प्रमुख, स्थानिय समाजसेवी, बुद्धिजिवि, सचारकर्मी तथा स्थानिय वासीहरुको उपस्थिति रहेको थियो ।


## वडावासीहरुमा हार्दिक अनुरोध

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद) जस्ता कार्यहरू ३५ दिनभित्रै दर्ता गरौं ।
- वडामा बुझाउनु पर्ने सबै प्रकारका करहरु समयमा बुझाई सभ्य नागरिकको परिचय दिऔं ।
- वडाभित्र रहेका धार्मिक मठ मन्दिर, गुठी, ऐतिहासिक सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्द्धन गरौं
- घर निर्माण कार्य गर्दा इजाजत लिएर मात्र निर्माण गरौं ।
- अनुमति लिएर मात्र पसल तथा अन्य व्यवसाय सञ्चालन गरौं र समयमा नै नवीकरण गरौं ।
- बजार र सार्वजनिक क्षेत्रमा जथाभावि निर्माण सामग्री नराखौं ।
- अनाधिकृत रुपमा सवारी साधन पार्किङ नगरौं, ट्राफिक नियमको पालना गारौं ।
- सरसफाईमा ध्यान दिऔं, साबुनपानीले हात धोऔं, स्वस्थ खानेकुरा खाऔं, निरोगी बनौं र बनाऔं ।

मधुबाबु तिवारी (वडा अध्यक्ष)
विराटनगर महानगरपालिका वडा नं. ७ को कार्यालय

# १३ औं राष्ट्रिय कर दिवस एवं कर सप्ताह भव्यताका साथ सम्पन्न

**भोजराज घिमिरे**




विराटनगर । आन्तरिक राजस्व कार्यालय विराटनगरले १३औं राष्ट्रिय कर दिवस एवं कर सप्ताहको समापन समारोह भव्य रूपमा सम्पन्न गरेको छ ।

कर दिवसको अवसरमा आयोजित कार्यक्रममा ८ एम.ए.डब्लु हायर पर्चेज प्रा.लि. लाई उत्कृष्ट करदाता सम्मान प्रदान गरिएको छ । विराटनगर र काठमाडौंमा कार्यालय रहेको यस कम्पनीले आर्थिक वर्ष २०७९/०८० मा २ करोड ४६ लाख ९३ हजार ६ सय ६६ रुपैयाँ कर तिरेको थियो ।

नेपाल राष्ट्र बैंकद्वारा वित्तीय हायर पर्चेज कारोबारका लागि मान्यता प्राप्त यो कम्पनीलाई आन्तरिक राजस्व कार्यालय विराटनगरका प्रमुख कर अधिकृत भुपालराज शाक्य र प्रमुख अतिथि मोरङका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद भट्टराईले प्रमाण-पत्र प्रदान गर्दै सम्मान गरेका थिए ।

त्यसैगरी कार्यक्रममा कर कार्यालयका उत्कृष्ट कर्मचारीका रूपमा केशवबहादुर बस्नेतलाई पनि सम्मान गरिएका थिए ।

कर सप्ताहको अवसरमा आयोजित अन्तरकलेज हाजिरी जवाफ प्रतियोगितामा विभिन्न कलेजका विद्यार्थीहरूले प्रतिस्पर्धा गरेका थिए । जसमध्ये अरनिको कलेज प्रथम, एभरेष्ट कलेज दोस्रो, मेरिल्याण्ड कलेज तेस्रो स्थान हासिल गरेका थिए । सान्त्वना पुरस्कार: शिक्षादीप कलेजलाई प्रदान गरिएको थियो । विजेता विद्यार्थीहरूलाई प्रमाण-पत्र र पुरस्कार प्रमुख अतिथि प्रेमप्रसाद भट्टराई र प्रमुख कर अधिकृत भुपालराज शाक्यले वितरण गरेका थिए ।

समारोहमा विभिन्न क्षेत्रका प्रतिष्ठित व्यक्तित्वहरूको उपस्थिति रहेको थियो । विराटनगर भन्सार कार्यालयका प्रमुख ज्ञानेन्द्रराज ढकाल, राष्ट्रिय अनुसन्धान मोरङका प्रमुख एसपी तिलक प्रसाईं, नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य अविनाश बोहरा, कोशी प्रदेश समितिका कार्यसमिति सदस्य देवकिनन्दन अग्रवाल, मोरङ उद्योग व्यापार संघका उपाध्यक्ष अनिल सारडा, र नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्था विराटनगर शाखाका अध्यक्ष अश्विनी बंशलको उपस्थिति रहको थियो ।

कर सप्ताहका विभिन्न कार्यक्रमहरूको व्यवस्थापनका लागि कर अधिकृत भवानी प्रसाद दाहाल, प्रदिप कट्टेल, र कम्प्युटर अधिकृत हरि सेढाईलाई जिम्मेवारी सुम्पिएको थियो, जसलाई उनीहरूले सफलतापूर्वक सम्पन्न गरेका थिए ।

यो कार्यक्रमले करको महत्व र जिम्मेवारीप्रति नागरिक तथा व्यवसायीहरूलाई प्रोत्साहित गरेको छ । राष्ट्रको समृद्धिका लागि कर प्रणालीमा जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले १३ औं राष्ट्रिय कर दिवस भव्य रूपमा मनाइएको थियो ।

# श्राम, रोजगार र उद्यम प्रवर्द्धन सम्बन्धि अन्तरक्रिया

विराटनगर । मोरङ चेम्बर अफ कमर्सको आयोजनामा श्रम, रोजगार, र उद्यम प्रवर्द्धन सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

रोजगार सूचना केन्द्र, सामाजिक विकास मन्त्रालय, र कोशी प्रदेश सरकारको संयोजनमा आयोजित यस कार्यक्रमको उद्देश्य “श्रम संसार वेब पोर्टल“ को प्रवर्द्धन गर्दै रोजगारी र उद्यमशीलता क्षेत्रलाई एकीकृत गर्ने रहेको थियो ।

कार्यक्रमको अध्यक्षता मोरङ चेम्बर अफ कमर्सका अध्यक्ष यादव पोखरेलले गरेका थिए । महासचिव कृष्णप्रसाद दाहाल, सदस्यहरू घनश्याम काभरा, उर्मिला थापा, र सामुदायिक प्रहरी सेवाका कोषाध्यक्ष सन्तोष वायहेती लगायतको उपस्थिति रहेको कार्यक्रममा रोजगार तथा उद्यमशीलताका अवसरहरूबारे विस्तृत छलफल भएको थियो ।

कार्यक्रमका मुख्य बुँदाहरूमा, श्रम संसार वेब पोर्टल : रोजगारी र उद्यमशीलता प्रवर्द्धनका लागि डिजिटल प्लेटफर्म ।

रोजगारीका अवसरहरू, तालिम कार्यक्रम, र उद्यम विकासका जानकारी, स्टेप अप परियोजना : बेरोजगार युवाहरूलाई रोजगारीका अवसरहरूमा समाहित गर्दै आयस्तर सुधार गर्ने पहल विशेष गरी महिला, वैदेशिक रोजगारबाट फर्किएकाहरू, र कोभिड-१९ बाट प्रभावित व्यक्तिहरूलाई लक्षित ।

यस्ता कार्यक्रमले उद्योग र श्रम बजारलाई जोड्न महत्त्वपूर्ण भूमिका खेल्ने मोरङ चेम्बर अफ कमर्सका अध्यक्ष यादव पोखरेलले बताए । इन्जिनियर गणेश दाहालले “स्टेप अप परियोजना“बारे जानकारी दिँदै रोजगारी र सीप विकासका पहलहरूबारे प्रकाश पारे । युवराज बास्तोला र किरण चौधरीले श्रम संसार वेब पोर्टलले रोजगारदाता र रोजगारी खोज्ने व्यक्तिहरू बीचको समन्वयलाई सुदृढ पार्ने बताए ।

कार्यक्रममा क्षेत्रीय उद्योगी, उद्यमी, र रोजगार दाताहरूको उल्लेखनीय उपस्थिति थियो। सहभागी हरूले यस्ता कार्यक्रमले स्थानीय रोजगारीका अवसरहरू विस्तार गर्न र उद्यमशीलता प्रवर्द्धनमा योगदान पुऱ्याउन सहयोग गर्ने विश्वास व्यक्त गरका थिए ।

श्रम संसारको फाइदा : रोजगारी, तालिम, र उद्यमशीलतासम्बन्धी जानकारी सजिलै उपलब्ध, रोजगारदाता र रोजगार खोज्नेहरूबीच सहज समन्वय, सीपमूलक तालिमको व्यवस्था र वृत्ति विकासका लागि नि:शुल्क परामर्श गर्ने छ ।

यस कार्यक्रमले स्थानीय र क्षेत्रीय रोजगारका अवसरहरूलाई प्रवर्द्धन गर्दै समाजका हरेक तहका व्यक्तिलाई रोजगारी र उद्यमशीलतामा सहभागी गराउने ठोस आधार तयार पार्ने अपेक्षा गरिएको छ ।

# झापा र मोरंगबाट लागु औषध सहित चार पक्राउ

बिराटनगर । झापा र सुनसरीको बिभिन्न स्थानबाट प्रतिवन्धित लागुऔषध सहित ४ जनालाई प्रहरीले पक्राउ गरेको छ । मंसिर २ गते झापाको वडा प्रहरी कार्यालय भद्रपुरबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा भद्रपुर नगरपालिका-३ का २७ बर्षीय विनायक थुलुङलाई ३ ग्राम ९१० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको छ ।

त्यसै गरी सुनसरीको कोशी गाउँपालिका-१ स्थितमा इलाका प्रहरी कार्यालय लौकही र लागुऔषध नियन्त्रण व्युरो विराटनगरबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा भारतबाट नेपाल आउँदै गरेका रामधुनी नगरपालिका-१ का २० बर्षीय विवेक यादवलाई निषेधित औषधी ट्रामानिल २४० क्यापसुल र निट्राजेपाम २० ट्यावलेट सहित पक्राउ गरेको छ ।

इलाका प्रहरी कार्यालय महेन्द्रनगरले बराहक्षेत्र नगरपालिका-६ का१९ बर्षीय मो. दावुतलाई ट्रामाडोल १२० क्यापसुल र स्पास्पेन १२० ट्यावलेट सहित र इलाका प्रहरी कार्यालय चतराले बराहक्षेत्र नगरपालिका-२ का २१ बर्षीय समिर राईलाई ५० ग्राम गाँजा र ट्रामाडोल १६ क्यापसुल सहित पक्राउ गरेको छ ।

लागुऔषध सहित पक्राउ परेका उनिहरुको आवश्यक अनुसन्धान तथा कानुनि कारवाही भईरहेको छ ।

# आफै उम्रेको र लगाएको गाँजाको वोट र बेर्ना नष्ट

विराटनगर । धनकुटा जिल्लाको बिभिन्न स्थानमा प्रकृतिकरुपमा डाँडा पाखाहरुमा आफै उम्रेको र लगाएको गाँजाको बोट तथा बेर्नाहरु प्रहरीले फडानी गरी नष्ट गर्दै आईरहेको छ ।

कोशी प्रदेश प्रहरी कार्यालय बिराटनगरको सुरक्षा सुनिश्चिचतता अभियान अन्तरतग अबैध रुपमा लगाएका तथा आफै उम्रेका गाँजाका बोटहरु नष्ट गर्ने अभियान अनुसार मंसिर २ गते इलाका प्रहरी कार्यालय छिन्ताङबाट परिचालन भएको प्रहरी टोलीले शहिदभूमी-५ को विभिन्न एरिया इलाकाको १३ रोपनी क्षेत्रफलमा उम्रिएको ९ हजार ३ सय वटा गाँजाको बोट नष्ट गरेको छ ।

त्यसै गरी साँगुरीगढी-८ स्थितमा ५ रोपनी क्षेत्रफलमा उम्रिएको ७ हजार गाँजाको बोट इलाका प्रहरी कार्यालय भेडेटारले र पाखीबास-१० स्थितमा ६ रोपनी क्षेत्रफलमा रहेको ७ हजार बोट प्रहरी चौकी हिलेबाट खटिएको प्रहरी टोलीले फडानी गरी नष्ट गरेको छ ।

शहिदभुमी-२ को विभिन्न ठाँउहरुमा उम्रेका २ हजार ५ सय बोट प्रहरी चौकी त्रिवेणीले र शहिदभुमी-६ को विभिन्न ठाँउहरुमा उम्रेका ८ सय वटा गाँजाको बोट प्रहरी चौकी आँखीसल्लाले नष्ट गरेको छ । डाँडा पाखाहरुमा आफै उम्रेको तथा अवैधरुपमा लगाएको गाँजाको बोट तथा बेर्नाहरु निरन्तररुपमा प्रहरीले फडानी गरी नष्ट गर्दै आईरहेको छ ।

ट्राफिक नियमको पालना गरौं ।
सडक सुशासन कायम गरौं ।।

**कर तिरौं, राजश्व बढाऔं**

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

**अन्तरिक राजश्व कार्यालय विराटनगर**

**वडावासीहरूमा हार्दिक अनुरोध**

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद) जस्ता कार्यहरू ३५ दिनभित्रै दर्ता गरौं ।
- वडामा बुझाउनु पर्ने सबै प्रकारका करहरु समयमा बुझाई सभ्य नागरिकको परिचय दिऔं ।
- वडाभित्र रहेका धार्मिक मठ मन्दिर, गुठी, ऐतिहासिक सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्द्धन गरौं
- घर निर्माण कार्य गर्दा इजाजत लिएर मात्र निर्माण गरौं ।
- अनुमति लिएर मात्र पसल तथा अन्य व्यवसाय सञ्चालन गरौं र समयमा नै नवीकरण गरौं ।
- बजार र सार्वजनिक क्षेत्रमा जथाभावि निर्माण सामग्री नराखौं ।
- अनाधिकृत रुपमा सवारी साधन पार्किङ नगरौं, ट्राफिक नियमको पालना गारौं ।
- सरसफाईमा ध्यान दिऔं, साबुनपानीले हात धोऔं, स्वस्थ खानेकुरा खाऔं, निरोगी बनौं र बनाऔं ।

**प्रकाश शाह (वडा अध्यक्ष)**
**विराटनगर महानगरपालिका वडा नं. १५ को कार्यालय**

# बालबालिका सम्बन्धि अन्तराष्ट्रिय सम्मेलनमा १५ भन्दा बढी देशको सहभागीता हुने

विराटनगर । पूर्वाञ्चल विश्वविद्यालय, शिक्षाशास्त्र संकायले नेपालमा पहिलो पटक इयरली चाईल्ड डेभलोपमेन्ट विषयक दुई दिने अन्तर्राष्ट्रिय सम्मेलन १५ भन्दा बढी देश सहभागी हुने भएको छ ।

पूर्वाञ्चल विश्वविद्यालय कला, कानून, शिक्षा शास्त्र संकायको डीन प्रा.डा.अनिल कुमार पोखरेल पत्रकार सम्मेलन गरी सो कुरा बताएका हुन ।

मंसिर २१ र २२ गते विराटनगरको बिग होटलमा हुने अन्तर्राष्ट्रिय सम्मेलनमा अमेरिका, मलेसिया, भारत बंगलादेश लगायत १५ भन्दा बढी देशका प्राज्ञ, नीति निर्माताहरू, अनुसन्धानकर्ता तथा विद्यार्थीहरूको सहभागिता



रहने जानकारी गराएका हुन ।

नेपालमा पहिलो पटक हुने अन्तर्राष्ट्रिय सम्मेलनमा बालविकासका क्षेत्रमा प्राज्ञिक बहस र विमर्श गराउने मुख्य उद्देश्य राखि बालबालिका लक्षित नीति, विशेष आवश्यकता भएका बाल बालिका हरुको हेरचाह, बालविकासका क्षेत्रमा आवश्यक जनशक्ति, पेशागत विकास र नैतिकता, जलवायु परिवर्तन र त्यसले बालबालिकालाई परेको प्रभाव बालबालिकाको पोषण तथा यसले बाल विकासमा पारेको प्रभाव, प्रारम्भिक बाल्यकाल विकासमा नवप्रवर्तन आदि विषयमा ४० भन्दा बढी सहभागीहरुले आफ्नो अध्ययन अनुसन्धान प्रस्तुत गर्ने कार्यक्रम रहेको डीन पोखरेलले वताए ।

बालवालिकाको क्षेत्रमा कार्यरत विभिन्न देशका विशिष्ट व्यक्तित्वहरुबाट कि नोट तथा विविध प्रकारका कार्यशालाहरु समेत आयोजना गरिनेछ ।

बालबालिकाहरूका सर्वाङ्गिण विकासका अवसर हरूको गुणस्तर र पहुंच सुधार एवं सुनिश्चित गर्ने विषयमा बहस केन्द्रित हुने छ ।

सम्मेलनमा प्रस्तुत भएका कार्यपत्र एवं कार्यशाला हरुबाट विश्वविद्यालयले भविष्यमा शिक्षाशास्त्र संकाय अन्तर्गत रहने गरी भ्त्रम्म सम्बन्धि अध्ययन, अनुसन्धान गर्ने केन्द्र सञ्चालनमा महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ ।

उक्त कार्यक्रमले बाल-विकासका क्षेत्रमा नया एवं समाजको आवश्यकता अनुसारका स्नातक, स्नात कोत्तर लगायतका

वांकी ४ पेजमा...

# लागुऔषध गाँजा र ब्राउन सुगर सहित ५ पक्राउ

सुनसरी । लागुऔषध गाँजा र ब्राउन सुगर सहित पाँच जनालाई प्रहरीले पक्राउ गरी कारवाही चलाएको छ ।

सुनसरीको धरान उप-महानगरपालिका -६ स्थित बाट लागुऔषध गाँजा सहित ४ जनालाई बिशेष सुचनाको आधारमा अस्थाई प्रहरी पोष्ट तिनकुनेबाट खटिएको प्रहरी टोलीले शुक्रावार पक्राउ गरेको थियो ।

पक्राउ पर्नेमा प्रदेश-१-०४-००१-प ४७७३ नम्बरको स्कुटर चालक धनकुटा पाख्रिबास-२ का २७ बर्षीय संजिप तामाङ, पछाडि सवार धनकुटा पाख्रिबास-८ की २७ वर्षिय सुगम राई र बा ९६ प ७२११ नम्बरको मोटर साईकल चालक धनकुटा पाख्रिबास-२ का ३६ वर्षिय राजेश तामाङ, पछाडी सवार धनकुटा पाख्रिबास-८ की २३ वर्षिय निगम राईलाई २१ किलोग्राम लागुऔषध गाँजा सहित नियन्त्रणमा लिएको थियो ।

त्यसैगरी लागु औषध नियन्त्रण ब्यूरो काँकरभिट्टा, झापाबाट खटिएको प्रहरी टोलीले लागुऔषध ब्राउनसुगर सहित १ जनालाई पक्राउ गरेको थियो ।

मंसिर ७ गते मेचीनगर नगरपालिका-६ स्थितबाट मकवानपुरको थाहा नगर पालिका-६ का ३१ बर्षीय आशाकाजी तामाङलाई १८ ग्राम ६ सय ४० मिलिग्राम लागुऔषध ब्राउनसुगर सहित प्रहरीले नियन्त्रणमा लिएको थियो ।

पक्राउ परेकाहरुको सम्वन्धित इलाका प्रहरी कार्यालयबाट थप अनुसन्धान भई रहेको छ ।

# सहायक निरिक्षक अधिकारी कार्तिक महिनाको उत्कृष्ट

विराटनगर । कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरले प्रहरी चौकी चिचिला संखुवासभामा कार्यरत प्रहरी सहायक निरीक्षक सुर्य प्रसाद अधिकारीलाई कार्तिक महिनाको सर्वोत्कृष्ट प्रहरी घोषित गरेको छ ।

विभागीय मूल्य-मान्यता, आदेश-निर्देशनको पालना गरी उच्च मनोबल र साहसका साथ आफ्नो कर्तव्य निर्वाह गर्ने क्रममा प्रहरी सहायक निरीक्षक सुर्य प्रसाद अधिकारीले कार्तिक १० गते संखुवासभाको चिचिला गाउँपालिका-४ का ४५ बर्षीय पुरुष व्यक्तिलाई खुकुरी प्रहार गरी हत्या गरेको घटनामा संलग्नलाई खुकुरी सहित पक्राउ गर्न सफल भएको थियो ।

साथै कार्तिक १८ गते चिचिला गाउँपालिका-३ बस्ने दुई व्यक्तिहरुवीच आपसमा वादविवाद हुँदा ढुङ्गा प्रहार गरी एक व्यक्तिलाई भिरबाट फालेको भन्ने सूचनाको आधारमा घटनामा स्थलमा खटी मृत लास भीरमा अड्किएको अवस्थामा फेला परेको र घटनामा संलग्न थप ४ जना व्यक्तिहरुलाई नियन्त्रणमा लिन सफल भएको भएको थियो ।

आम जनमानसमा प्रहरी संगठनको छवि उच्च बनाउने कार्य गरेको हुँदा सम्पादित कार्यको उच्च मूल्याङ्कन गर्दै प्रहरी सहायक निरीक्षक सुर्य प्रसाद अधिकारीलाई कात्तिक "महिनाको सर्वोत्कृष्ट प्रहरी" घोषणा गरिएको छ ।

## एआईले...

सक्ने प्रबल सम्भावना छ । त्यस्तो अवस्था आएमा हालको शैक्षिक धरातल रहने छैन ।

उदाहरणका लागि, इलन मस्कको विकसित हुँदै गरेको 'न्युरालिंक' लाई लिन सकिन्छ । एआई सम्बर्धित जैविक चिपलाई ब्रेन-कम्प्युटर इन्टरफेसहरूले जोड्न सकेमा भौतिक रूपमा सिकाइबिनै विद्यार्थीहरूले चाहिने सूचना वा जानकारी तत्काल पाउन सक्नेछन् ।

परिकल्पना गरौं, कुनै यस्तो दिन आउनेछ जहाँ विद्यार्थीहरूले ज्ञान वा कुनै सीपलाई आफ्नो मस्तिष्कमा 'अपलोड' गर्न सक्नेछन् र त्यसै अनुरूप त्यसको बोध र प्रयोग गर्न सक्नेछन् । यस्ता एआई उन्नतिहरूले शिक्षाको वर्तमान स्वरूपलाई जरैबाट उखेल्नेछन् ।

यस अवस्थामा स्कुलको भूमिका शिक्षा शिक्षण केन्द्रका रूपमा नभई, सामाजिक भावनात्मक विकास, नैतिक सोच र मानव केन्द्रित मूल्यहरूको विकास गर्ने स्थानमा मात्र सीमित हुन सक्छ ।

एआईले शिक्षामा ल्याउन सक्ने सबभन्दा क्रान्तिकारी परिवर्तनमध्ये एक हो-होलोग्राफिक शिक्षक वा पूर्ण रूपमा भर्चुअल कक्षाकोठाको उदय ।

एआई सम्बर्धित होलोग्राफिक वा भर्चुअल शिक्षकले विद्यार्थीसँग प्रोजेक्टरका माध्यमबाट भौतिक रूपमा उपस्थित भएजस्तै गरी अन्तक्रिया गर्न सक्नेछन् । हरेक विद्यार्थीलाई उनीहरूको व्यक्तिगत आवश्यकताका आधारमा पाठहरू विभेदित गर्न, मूल्यांकन गर्न र शैक्षिक निर्देशन, अनुदेश दिन सक्नेछन् ।

यसपछि पनि अलगोरिदम हरू अझ विकसित र परिष्कृत बन्ने क्रम चलिरहनेछ । यस अवस्थामा विद्यार्थीको शैक्षिक स्तरमा मात्र नभएर, उनीहरूको सिकाइ शैली, भावनात्मक अवस्था र विद्यार्थीका दिन विशेषको प्रेरणा स्तर आकलन गरी त्यस अनुसार पनि एआईले अनुदेश दिन सक्नेछ ।

एआई विकासको सन्दर्भ लाई टेक्नोलोजिकल सिंगुलारिटी (प्राविधिक एकविन्दु) बाट अलग्याउन सकिँदैन। यो भनेको एआईको क्षमताले मानव बुद्धिलाई पार गरेको अवस्था हो ।

गणितज्ञ न्युम्यान र भविष्यवादी कुजविल भन्छन्, 'कुनै दिन एआईले मानव बुद्धिको तहलाई पार गर्नेछ । यस अवस्थामा एआई आफैले आफैलाई मानव नियन्त्रणबिनै द्रुत गतिमा विकसित गराउनेछ। यो अवस्थामा एआईको खुबी मानव बोधको क्षमता भन्दा कैयन गुणा बढी हुनेछ ।'

एआई यतिमा मात्र सीमित हुने छैन र यसले विज्ञानमा क्वान्टम लिप (बृहत्तर उन्नति) ल्याउनेछ र अकल्पनीय प्रविधिहरू सम्भव हुनेछन् ।

विश्लेषकहरू भन्छन्, 'टेक्नोलोजिकल सिंगुलारिटीको यो विन्दुले मानव जातिलाई असीमित र घातांकीय गुणामा फाइदा दिनेछ । जटिलभन्दा जटिल प्रश्नको विश्लेषण र समाधान गर्न, गरिबी निवारण, रोग र संक्रमणबाट मुक्तिदेखि ब्रह्मान्ड विचरणसम्म सम्भव हुनेछ । सँगसँगै, यस्तो विकास क्रममा मानव स्वयंले आफ्ना मूल्य र नैतिक धरातल पाखा लगाएमा एआई नै मानव सभ्यताको अन्त्यको कारण हुन सक्छ ।'

टेक्नोलोजिकल सिंगुलारिटी एक परिकल्पित र सैद्धान्तिक विन्दु हो । तर हालै भएका एआईका प्रगति देख्दा यो विन्दुमा पुग्न केही दशक मात्र लाग्न सक्छ । किनभने केही समयअघि मात्र स्थापित च्याट-जिपिटी अझै द्रुत र शक्तिशाली भएको छ। मौखिक अन्तरक्रिया गर्न सक्छ र अझै विकसित हुने क्रममा छ। र, मानिसले तालिम दिनुपर्ने एआईहरूलाई तालिम प्राप्त एआईहरूले नै उत्कृष्ट तालिम दिन थालिसकेका छन् ।

भविष्यका यस्ता उन्नति हरू नैतिक जिम्मेवारीहरूसँगै आउँछन् । तिनलाई समयमै सही सम्बोधन गर्न नसके मानवीय मूल्य, भावना वा अन्तत्वगत्वा चेतनाको स्तरमा एआई हावी भएमा परिणती भयावह हुनसक्ने भविष्यवादीहरू बताउँछन् ।

हाम्रो पछिल्लो वंश जेन-जी इन्टरनेट र सामाजिक सन्जाल प्रयोग गर्दै हुर्कियो। अहिले उदाउँदै गरेको जेन-अल्फाले त्योभन्दा धेरै उत्कृष्ट एआई प्रविधि प्रयोग गर्नेछ। यस पक्षमा विद्यालय, शिक्षक र नीति निर्माताहरूले अबदेखि नै एआईको नैतिक सदुपयोग र मानव केन्द्रित मूल्यहरूको शिक्षा दिन पहल गर्न ढिलाइ गर्नु हुँदैन ।

शिक्षामा एआईको विशाल सम्भावना छ । तर एआई प्रयोगले व्यक्तिगत तथ्यांकको गोपनीयता, विद्यार्थीको स्वतन्त्रता र प्रविधिमा निर्भरता जस्ता गम्भीर चिन्ताहरूलाई बल्भिन नदिन समयमै नीतिगत सम्बोधन गर्नुपर्छ ।

अन्त्यमा, तीन खाँटी तथ्यहरू राख्न चाहन्छु ।

पहिलो, एआईलाई शिक्षा बाट हटाउन सकिँदैन र अबको शिक्षाको यो अभिन्न भाग हो । भनिएको छ-एआई शिक्षा बिनाका विद्यार्थी भविष्यमा अशिक्षित सरह हुनेछन् ।

दोस्रो, विद्यार्थीहरूलाई एआई प्रयोगको कुशलता प्रदान गर्ने तर एआईले विद्यार्थीलाई प्रयोग गर्ने अवस्था आउन नदिने ।

तेस्रो, नैतिक आधारमा एआईको सदुपयोग गर्ने र मानवीय पक्षको अक्षुण्यतामा आँच आउन नदिने ।

आशा छ, अहिलेका लागी यति गरे भविष्यमा एआईलाई शिक्षामा समय सापेक्ष र मानवोचित समायोजन गर्दै जान सकिन्छ ।

(लेखक प्रविज्ञ रेग्मी एजुकेसन फर द नेक्स्टजेन र न्यू मिलेनियम स्कुल इमाडोल, ललितपुरका संस्थापक अध्यक्ष हुन )





# वडावासीहरूमा हार्दिक अनुरोध

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद) जस्ता कार्यहरू ३५ दिनभित्रै दर्ता गरौं ।
- वडामा बुझाउनु पर्ने सबै प्रकारका करहरु समयमा बुझाई सभ्य नागरिकको परिचय दिऔं ।
- वडाभित्र रहेका धार्मिक मठ मन्दिर, गुठी, ऐतिहासिक सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्द्धन गरौं
- घर निर्माण कार्य गर्दा इजाजत लिएर मात्र निर्माण गरौं ।
- अनुमति लिएर मात्र पसल तथा अन्य व्यवसाय सञ्चालन गरौं र समयमा नै नवीकरण गरौं ।
- बजार र सार्वजनिक क्षेत्रमा जथाभावि निर्माण सामग्री नराखौं ।
- अनाधिकृत रुपमा सवारी साधन पार्किङ नगरौं, ट्राफिक नियमको पालना गारौं ।
- सरसफाईमा ध्यान दिऔं, साबुनपानीले हात धोऔं, स्वस्थ खानेकुरा खाऔं, निरोगी बनौं र बनाऔं ।

सुर्यलाल यादव (वडा अध्यक्ष)
विराटनगर महानगरपालिका वडा नं. १३ को कार्यालय